# China International Import Expo (CIIE) -2018 मा नेपालको सहभागिता सम्वन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

**ललितपुर/२० असाढ, २०७५**

आगामी November 5 – 10, 2018 मा जनवादी गणतन्त्र चीनको सांघाई शहरमा आयोजना हुने China International Import Expo (CIIE) मा नेपालको प्रभावकारी सहभागिताका लागि नेपाली उद्यमी व्यवसायीहरु संग केन्द्रको सभाहलमा उक्त Expo मा वढ्दो व्यापार घाटा कम गर्न यसबाट कसरी लाभ प्राप्त गर्ने एवं नेपालको तर्फबाट के कस्ता निर्यात जन्य वस्तु प्रदर्शनीमा सहभागिता गराउने र नेपालको प्रस्तुतिलाई प्रभावकारी रुपमा सम्पन्न गर्ने सम्वन्धमा केन्द्र र व्यवसायीहरु वीच छलफल एवं पूर्व तयारीका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

सो कार्यक्रमको अवसरमा केन्द्रका कार्यकारी निर्देशक श्री सरद विक्रम राणाज्यूवाट नेपालको तर्फवाट सहभागिता जनाउने व्यावसायीलाई Expo को उद्देश्य, यसवाट नेपालले प्राप्त गर्न सक्ने लाभ र नेपालको निर्यात व्यापार, पर्यटन र लगानीको क्षेत्रमा गर्ने योगदानका वारेमा चर्चा गर्नु भएको थियो । यसै सन्र्दभमा कार्यकारी निर्देशकज्यूवाट नेपाली उत्पादको प्रदर्शनी आफ्नो वस्तुको विक्रि वितरण एवं प्रदर्शन गर्न सक्ने र वस्तु छनौट एवं गुणस्तरलाई उच्च प्राथमिकता दिनका साथै यस्ता खालको Expo पहिलो पटक चीनमा आयोजना हुने भएकोले वस्तुको प्रोफाईल, कम्पनीको विवरण सूचना आदान प्रदान तथा क्रेता विक्रेता वीच भेटघाटका साथै नेपालको तर्फवाट उच्च प्राथमिकताका साथ सहभागिता रहने विषयको वारेमा जानकारी समेत गराउनु भएको थियो । यसै अवसरमा केन्द्रका नायव कार्यकारी निर्देशक श्री तेज सिँह विष्टज्यूद्धारा सो Expo मा विश्व भरीका एक लाख पचार हजार पेशागत खरिद कर्तालाई आयोजकले औपचारीक रुपमा निमन्त्रणा गरिएको र सय भन्दा बढी देशहरुको सहभागिता रहने जानकारी गराउनु भएको थियो । नेपाली व्यवसायीहरुले समेत Expo वाट लाभ लिन नेपाली वस्तुको वजार प्रवर्द्धन तथा खरिद विक्रि गर्न उपयुक्त अवसर हुने विचार व्यक्त गर्नुका साथै उच्च गुणस्तरका वस्तु एवं वस्तु विविधिकरणमा समेत विशेष ध्यान दिन व्यवसायीलाई आग्रह गरेका थिए । सो अवसरमा केन्द्रका नायव कार्यकारी निर्देशक श्री विमल कुमार नेपालज्यूवाट नेपाली व्यावसायीहरुले मेलामा सहभागिता जनाउदा नेपाली वस्तुको मौलिक पहिचान एवं उच्च गुणस्तरमा विषेश ध्यान दिन अनुरोध गर्नु भयो । Expo वाट नेपाल राष्ट्रको उच्च पहिचान हुने र अन्तर्राष्ट्रिय वजारमा नेपाली वस्तुको वजार विस्तार समेत हुने भनाई व्यक्त गर्नु भएको थियो ।

उक्त Expo मा नेपालवाट सहभागिता हुने व्यवसायीहरुको उल्लेखिनिय सहभागिता रहेको उक्त अन्तरक्रिया कार्यक्रममा व्यवसायीहरु श्री पंन्चरत्न शाक्य, श्री कल्याण कृष्ण ताम्राकार र भक्तपुर उद्योग वाणिज्य संघका प्रतिनिधिबाट यस्तो Exop मा नेपालको सहभागिता पहिलो र आवश्यकता पनि रहेको विचार व्यक्त गरेका थिए । नेपालको सहभागिता प्रभावकारी वनाउन B2B, B2C र G2G Meeting जस्ता कार्यक्रमको आवश्यकता रहेको विचार व्यक्त गर्नका साथै Expo मा लैजाने वस्तुको भन्सार सहजीकरण तथा विक्रि वितरणको लागि केन्द्रले सहज वातावरण बनाई दिनु पर्ने विचार व्यक्त गर्नु भएको थियो । सो अवसरमा केन्द्रका शाखा अधिकृत श्री जयन्द्र वहादुर वोगटीज्यूले हाल सम्म भए गरेका नेपालको सहभागिताको पूर्व तयारी सम्वन्धी कार्यको विस्तृत रुपमा जानकारी गराएका थिए ।






*शाङघाई, चीनमा आयोजना हुने CIIE-2018 मा सहभागिता गर्ने नेपाली व्यवसायीहरु संग केन्द्रमा छलफल तथा अन्तर्कृया ।*